नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १६८ २०८० साल माघ २० गते शनिबार (3 Feb. 2024 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

सामाजिक सञ्जालको प्रयोग गर्दा
सावधानी अपनाऔं,
सामाजिक मर्यादाको ख्याल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : यौनिक तथा लैङ्गिक अल्पसंख्यकको प्रश्न.. ३ पृष्ठमा : आफ्ना लागि नभए पनि ... ३ पृष्ठमा :चीनद्वारा रिपोर्टिङ...

# हरिण मारेको आरोपमा हतियार तथा अन्य उपकरणसहित एक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

दुई वटा हरिण मारेको आरोपमा प्रहरीले शुक्रबार एक जनालाई हतियार तथा अन्य उपकरणसहित पक्राउ गरेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका २ स्थित २२५ नम्बरको कोशी बाँध क्षेत्रबाट विहान ३ बजेतीर चोरी सिकारीमा संलग्न राजविराज नगरपालिका ५ निवासी ४६ वर्षीय शैलेश कुमार झालाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डीराज नेउपानेका अनुसार त्यस क्षेत्रमा चोरी सिकारी भईरहेको गोप्य सुचनाका आधारमा इलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटेको टोलीले झालाई चोरी सिकारी गरी मारेको दुई वटा हरिणको अखेटोपहार (ताजा मासु) तथा १ थान २२ बोर मेगनम राईफल र सोमा प्रयोग हुने ४१ राउण्ड गोली सहित पक्राउ गरेको छ ।

झाले हरिणको शिकार गरेपछि दुई वटा बोरामा काटेर राखेको ३५ केजी मासु पनि बरामद भएको उनले बताए ।

झाको साथबाट जंगली जनावरको शिकार गर्न प्रयोग गरिने लाईट १ म्यागजिन २, गनस्टेन १ र क्यामेरा एक थान समेत बरामद गरिएको उनले जानकारी दिए ।

झालाई शुक्रवार नै बरामद समानसहित थप कारवाहीका लागी डिभिजन बन कार्यालय सप्तरीलाई बुझाइएको डिएसपी नेउपानेले जानकारी दिए ।

डिभिजन बन कार्यालय सप्तरीका प्रमुख हेमन्त साहले हरिणलाई चोरी सिकारीले मारेको देखिएकाले झा माथी बन ऐन २०७६ अनुसारको कारवाही प्रकिया अघि बढ्ने बताए । उक्त हरिण कोशी टप्पु वन्यजन्तु आरक्ष क्षेत्रबाट चरणका क्रममा कोशी बाँध तिर पुगेको अनुमान गरिएको छ ।

# सवारी दुर्घटनामा ६ महिनामा एक हजार एक सय ३७ को मृत्यु

काठमाडौं, १९ माघ (रासस) ।

चालु आर्थिक वर्षको छ महिनामा देशभर भएका सवारी दुर्घटनामा एक हजार एक सय ३७ जनाले ज्यान गुमाएका छन् । चालु आवको साउनदेखि पुस मसान्तसम्म देशभरका विभिन्न स्थानमा भएका सडक दुर्घटनामा एक हजार एक सय ३७ ले ज्यान गुमाएका हुन् । ज्यान गुमाउनेमा पुरुष आठ सय ५४, महिला दुई सय नौ, बालक ५० र बालिका २४ रहेका प्रहरी केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार दुर्घटनामा १६ हजार तीन सय ३५ जना घाइते भएका छन् ।

तीन हजार दुई सय १३ गम्भीर र १३ हजार एक सय २२ जना सामान्य घाइते भएका ढकालले बताउनुभयो । "डिजिटल प्रविधि, सिसिटिभी जडान, ट्राफिक लाइट, मापसे चेकिङलगायतलाई प्रहरीले प्राथमिकता दिएको छ । योसँगै प्रहरीले दुर्घटना कम हुने विश्वास लिएको छ", उहाँले भन्नुभयो ।

प्रवक्ता ढकालका अनुसार सो अवधिमा देशभर १२ हजार आठ सय ५६ वटा सवारी दुर्घटना भएका छन् । काठमाडौं उपत्यकामा पाँच हजार आठ सय ६५, कोशी प्रदेशमा एक हजार छ सय ३९, मधेसमा तीन हजार एक सय ९०, बागमतीमा सात सय छ, गण्डकीमा एक सय ९५, लुम्बिनीमा छ सय छ, कर्णालीमा चार सय ९५ र सुदूरपश्चिम प्रदेशमा एक सय ६० सवारी दुर्घटना भएका छन् ।

दुर्घटनामा १० हजार तीन सय ५३ वटा सवारी साधनमा क्षति पुगेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । प्रहरीको तथ्याङ्क हेर्दा सबैभन्दा बढी दुर्घटना हुने सवारी साधनमा मोटरसाइकल रहेको छ ।

तीव्र गति, यात्रुले बाटो काट्दा, मापसे र लापसे, ट्राफिक नियम उल्लङ्घन, सवारी चालक

*बाँकी अन्तिम पृष्ठमा*

# ट्राफिक प्रहरीमाथी छुरा प्रहार

**दैनिक समाचारदाता**
**सर्लाही, १९ माघ ।**

जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुर, सर्लाहीमा कार्यरत ट्राफिक प्रहरी जवानमाथि छुरा प्रहार भएको छ ।

महोत्तरीको गौशाला नगरपालिका ३ घर भई हाल जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुर सर्लाहीमा कार्यरत ट्राफिक प्रहरी जवान प्रमोद महतोमाथि शुक्रबार कार्यालयमै छुरा प्रहार भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरका प्रहरी प्रमुख एवं प्रहरी निरीक्षक मदन थापाले जानकारी दिए ।

उनका अनुसार कार्यालयबाहिर पूर्वपश्चिम लोकमार्गमा चेकजाँच गरी जरिवाना रसिद काटेर भुक्तानी गर्न जानु भनी कार्यालय छिरेका महतोमाथि छुरा प्रहार भएको हो । ट्राफिक कार्यालय अगाडि पूर्वपश्चिम लोकमार्गमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना१९प २५५५ नम्बरको मोटरसाईकलमा आएका रौतहट राजपुर १ घर भएका यमामुद्दिन देमानले प्रहरी जवान महतोलाई छुरा प्रहार गरेका जिल्ला प्रहरी कार्यालयका निमित्त प्रहरी प्रवक्ता एवं प्रहरी निरीक्षक ओम प्रकाश यादवले जानकारी दिए ।

उनका अनुसार महतोलाई छुरा प्रहार गरी भाग्न खोज्दा निजलाई तत्काल पक्राउ गरी लालबन्दीको हिरासतमा राखिएको छ । छुरा प्रहारबाट प्रहरी जवान महतोको निधार, घाँटी, हात र पेटमा चोट लागेको प्रहरीले जनाएको छ ।

घाइते महतोको स्थानीय स्वास्थ्य संस्थामा सामान्य उपचारपश्चात् थप उपचारका लागि नेशनल मेडिकल कलेज वीरगन्ज पठाइएको प्रनि थापाले जानकारी दिए। घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# काँग्रेस समुदायलाई परेको पीडा सम्बोधन गर्ने जनताको पार्टी हो : नेता प्रकाशमान सिंह

**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

पूर्व उपप्रधानमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रकाशमान सिंहले नेपाली कांग्रेस समाजमा परिवर्तन ल्याउन समुदायलाई परेको पीडा सम्बोधन गर्ने जनताको पार्टी रहेको बताएका छन् ।

समुदायमा कांग्रेस अभियान कार्यक्रम अन्तर्गत शुक्रबार राजविराजमा सम्बोधन गर्दै सिंहले समुदायमा गरेर जनताको समस्या बुझेर सम्बोधन गर्नका निम्ति मुलुकभरी यो अभियान संचालन गरेको बताए ।




नेपाली कांग्रेस प्रजातान्त्रिक र लोकतान्त्रिक मान्यता भएको पार्टी भएकोले काधमा आएको जिम्मेवारी पुरा गर्न कांग्रेस लागि परेको बताए । संविधानबाट प्राप्त अधिकार संस्थागत गर्न समेत यश अभियानबाट सहयोग पुग्ने सिंहको तर्क थियो ।

नीति कानुन बनाउँने बेलामा कानुन बनाउन सरकारले काम गरिरहेकोले यो अभियानले कानुन बनाउन समेत सहयोग पुग्ने धारणा सिंहको रहेको थियो । पार्टीले एउटा रणनीति लिएर अगाडि बढ्नुपर्ने उनको भनाइ रहेको थियो ।

कार्यक्रमका सहभागिहरुले विकासको योजना, बेरोजगारी समस्या अन्त्यको एजेन्डा काँग्रेसले ल्याउँनुपर्नेमा जोड दिए । कृषि समस्या अन्त्यको आवाज किसानसम्म पुग्न सकेको बताउदै उनीहरूले सप्तरीकोमा सिंचाइ दिन सक्यो भने हामी पर्याप्त अन्न

*बाँकी दुई पृष्ठमा*

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
- यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनता जागौं

विकास र जनसरोकार राख्ने जुनसुकै पनि मुद्दामा जनता सर्वपरी हुन्छ । यदी जनता जागेन भने र आफ्नो नैरसङ्गिक अधिकारको सदुपयोग गर्न नसके सबैभन्दा बढी विकासीय कार्यहरु प्रभावित हुन पुग्छ । जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ । विकासको नाममा जताभावी रुपमा बजेटको दुरुपयोग भइरहेमा जनताले त्यसलाई खबरदारी गर्नु पनि उत्तिकै आवश्यक छ । भ्रष्टाचार गर्नु कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो । विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ ।

समाजमा परिवर्तन ल्याउन सबै भन्दा उत्तम विकल्प विकास नै हो । विकासको कुरा गर्ने हो भने सप्तरी जिल्लामा विगतका पाँच वर्षमा विकास त भयो तर खासै उपलब्धीमूलक बनेन् । विकासको सुरुवात त भयो, समयमा सम्पन्न हुन सकेन् । जसकारण कुनै-कुनै स्थानमा त विकासको नाममा ब्रहमलुट नै मचिए । केही प्रतिशतमा विकास भने भएको छ । जुन अत्यन्त सह्रानिय कार्य हो । विकासका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्दछ ।

तसर्थ कुनै पनि स्थानको विकासका लागि सकारात्मक सोच आवश्यक पर्नुका साथै जनताको हस्तक्षेप समेत अनिवार्य हुन्छ । जसले गर्दा जनताको चाहना अनुसार विकासले गति लिन्छ । तीनै तहको सरकार र जनता मिल्न सके मात्र विकास सम्भव छ । होइन भने जति चाहे पनि विकास हुदैन् । यसका लागि जनप्रतिनिधिहरु जनताको चाहना अनुसारको विकासीय कार्यमा तदारुकताका साथ अघि बढ्नु आवश्यक छ ।

# यौनिक तथा लैङ्गिक अल्पसंख्यकको प्रश्न, पाठ्यक्रममा स्थानीय भाषा खोइ ?



**दैनिक समाचारदाता**
**काठमाडौं, १९ माघ ।**

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायले आफूहरूमाथि लाञ्छना लगाउनेलाई जघन्य अपराधको कसुरमा कारबाही गर्नुपर्ने बताएका छन् । ‘धेरै स्ट्रगल गरिरहेका छौं,बाटोमा हिँड्दा समेत ओपन नाम दिन्छन्,’समुदायका सदस्यहरूले भने,‘त्यसले समुदायका साथीहरूमा मानसिक असर परेको छ। लाञ्छना लगाउनेलाई राज्य विरुद्धको भेदभावमा कारबाही हुनुपर्छ ।’

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको हक अधिकारका लागि स्थापना भएको मायाको पहिचान नेपालले सिंहदरबार अगाडि आफ्नै कार्यालयमा गरेको छलफलमा सहभागीहरूले लाञ्छना लगाउनेमाथि कडा कारबाही हुनु पर्ने माग गरेका हुन् ।

मायाको पहिचान नेपालले शिक्षा, स्वास्थ्य, रोजगार, वैवाहिक अधिकारमा समान पहुँच स्थापित गर्न बहस पैरवी गर्ने बताएको छ। ‘समुदायका साथीहरूबाट महत्त्वपूर्ण सुझावहरू प्राप्त भएका छन् । यसले मायाको पहिचान नेपाललाई थप उत्साहित बनाएको छ,’मायाको पहिचान नेपालले भनेको छ,‘समुदायका साथीहरूसँगै हामी सरकारको नीति निर्माण, कानुन निर्माण, सरकारी र निजी क्षेत्रको रोजगारीमा जारी विभेद अन्त्य गर्न, शिक्षा, स्वास्थ्यमा समान पहुँच स्थापित गर्न हातेमालो गर्दै अगाडि बढ्नेछौ ।’

एसियाका पहिलो समलिङ्गी सभासद् एवं मायाको पहिचान नेपालका कार्यकारी निर्देशक सुनिलबाबु पन्तले समुदायको कानुनी अधिकार सुनिश्चित गर्दै जीविकोपार्जनका कार्यक्रममा लाग्नु पर्ने बताए । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई समावेशी आरक्षणको व्यवस्था गर्न पन्तले माग गरे । ‘यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भएको थाहा पाइसकेपछि कामबाट निकालिने अवस्था कहिलेसम्म ? ’पन्तले प्रश्न गर्दै भने,‘समावेशी नीति बनाउनु पर्‍यो, यो समुदायका लागि आरक्षण नै हुनुपर्छ ।’

उनले लुम्बिनी प्रदेश सरकारले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि १ प्रतिशत आरक्षणको व्यवस्था गर्नु सकारात्मक भएको बताउँदै सरकार र निजी क्षेत्रले हरेक ठाउँमा यो समुदायका व्यक्तिलाई आरक्षण दिनु पर्ने उल्लेख गरे ।

संविधानको धारा ४२ कार्यान्वयन गर्न पन्तले सरकारसँग आग्रह गरे। उनले नीति, नियम बनाउने ठाउँमा समुदायको प्रतिनिधित्व हुनै पर्ने बताए । ‘कानुन, नीति नियम बनाउने ठाउँमा समुदायको प्रतिनिधित्व छैन,’ उनले भने, ‘समुदायको प्रतिनिधित्व भएमा विभेदकारी कानुन, नीति नियम बन्ने थिएनन् ।’

उनले निर्वाचन ऐन नै विभेदकारी रहेको बताए। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई तालिम दिएर पूर्णकालीन राजनीतिमा लगाउने अभियान सञ्चालन गर्ने उनले बताए । निर्वाचन ऐन, श्रम ऐनमा विभेदकारी व्यवस्था हटाउन अदालतमा रिट दायर गर्ने पन्तले बताए ।

राजनीतिमा आबद्ध भएर नीति निर्माण तहमा पुर्‍याउने अभियानमा सहभागी हुनु पन्तले समुदायलाई सुझाव दिए । ‘श्रम ऐनमा त्यस्तै छ, महिला र पुरुष मात्र श्रमिक हुन भन्ने छ,’उनले भने, ‘बल्ल बल्ल काम पाए पनि तेस्रोलिंगी भएको थाहा पाए पछि तलब नै नदिई हटाउने गरिएको छ, जुन विभेदकारी छ ।’

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायले कार्यक्षेत्रमा हुने भेदभाव पनि कायम नै रहेको बताए । मायाको पहिचान नेपालकी अध्यक्ष माया गुरुङ्गले गौशालाको एक होटेलमा काम गर्दाको पीडा सुनाइन । उनले काम लगाउनेले तलब नै नदिएको बताइन । ‘पहिला त आफैँ भित्र गुम्सिएर बस्नु परेको थियो । बल्लबल्ल काम पाएको थिए,’उनले भनिन्, ‘तेस्रोलिंगी भएको थाहा पाए पछि तलब नै दिएन ।’

मायाको पहिचान नेपालले कार्यक्षेत्रमा हुने भेदभाव विरुद्ध निजी कम्पनीहरूसँग पनि कुरा गर्ने बताएको छ । क्षमता अभिवृद्धिका लागि तालिम दिएर रोजगारीमा लगाउनु पर्ने माग समुदायका सदस्यहरूले गरे ।

**स्थानीय भाषा खोइ ?**

उनीहरूले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकबारे पाठ्यक्रममा राखेर मात्रै नहुने बताउँदै शिक्षकहरूलाई बुझाउन आवश्यक रहेको बताए । नेपालको आफ्नै मौलिक पहिचान अनुसार पाठ्यक्रममा समुदायबारे बुझाउने भाषा राख्नु पर्ने उनीहरूले बताए ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको दिमाग नै आउट हुने गरी पढाउने गरिएको उनीहरूले सुनाए । ‘५०/६० जना विद्यार्थीको कक्षामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकबारे पढाउँदा राम्रोसँग बुझाउने गरिएको छैन, एक त शिक्षकलाई पढाउनै आउँदैन,’उनीहरूले भने, ‘अर्को नखुलेका समुदायकै शिक्षक भएका विद्यालयमा लाज भएर राम्रोसँग बुझाउँदैनन्, विद्यार्थीले कसरी बुझ्ने ?’

उनीहरूले पाठ्यक्रममा स्थानीय भाषा राख्नु नै उपयुक्त हुने सुझाव पनि दिएका छन् । ‘आयातित भाषाले झन् कन्फ्युजन गराएको छ, नीति निर्माण तहमा बुझेकाहरू पनि आयातित शब्दले अलमलिएका छन्,’ उनीहरूले भने,‘पाठ्यक्रममा स्थानीय भाषा नै राख्नुपर्छ ।’

उनीहरूले विश्वविद्यालय, मिडिया, चलचित्र, विद्यालयमा बेसिक नलेज दिनुपर्ने आवश्यकता पनि औँल्याए । कानुन व्यवसायी, न्यायाधीशहरुलाई समुदायको बारेमा बुझाउन आवश्यक रहेको उनीहरूले सुझाए ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको गणना गर्न तथ्याङ्क कार्यालयलाई उनीहरूले आग्रह गरे। ‘घरमुलीलाई मात्रै सोधेर तथ्याङ्क आउँदैन, अहिलेसम्म हाम्रो गणना नै भएको छैन,’उनीहरूले भने तथ्याङ्क कार्यालयले अध्ययन गर्ने भनेको छ, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको गणना गराउन डेलिगेसन नै जानुपर्छ ।’

### कांँग्रेस समुदायलाई ...

उत्पादन गर्न सक्ने र मुलुकको अन्य ठाउँमा निर्यात गर्न सक्ने प्रतिबद्धता समेत सहभागीहरूले गरे ।

समुदायमा कांग्रेस अभियान कार्यक्रमको सातौं दिन नेपाली कांग्रेसका केन्द्रीय सदस्य लक्ष्मी खतिवडा, विमला कार्की, विन्दु यादव, सरोज यादव, मोहन बस्नेतलगायत एक दर्जन केन्द्रीय र प्रदेशका नेपाहरूको उपस्थिति रहेको थियो ।

जिल्ला सभापति रामदेव साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव सनत मण्डलले संचालन गरेको कार्यक्रममा स्वागत उपाध्यक्ष रामकुमार यादवले गरेका थिए ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# आफ्ना लागि नभए पनि मायालुको लागि धूमपान त्याग्न डा ओममूर्तिको आग्रह

काठमाडौँ, १९ माघ (रासस)।

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. ओममूर्ति अनिलले 'मेरो एउटा सानो त्याग, मायालुको लागि ठूलो उपहार' भन्ने नाराका साथ धूमपान सेवनलाई निरुत्साहित गर्न चेतनामूलक अभियानको थालनी गर्नु भएको छ। विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा गरिने बसन्त पञ्चमी र प्रणय दिवस यस वर्ष फागुन २ गते परेको सन्दर्भ पारेर उक्त दिन ज्ञान र प्रेमलाई मिश्रण गर्दै धूमपान सेवनमुक्त समाज निर्माणका लागि अवसरका रूपमा उपयोग गरिएको डा. अनिलले राससलाई बताउनुभयो।

कुनै विशेष अवसरमा मानिसले केही चिज त्याग गऱ्यो भने त्यो सफल हुने सम्भावना बढी हुन्छ। साथै अविस्मरणीय र महत्वपूर्ण पनि हुने भएकाले त्यस दिनदेखि धूमपान र सुर्ती सेवनको लतलाई त्याग गर्न आफ्ना शुभेच्छुकहरूलाई उहाँले आह्वान गर्नु भएको छ।

'प्रणय दिवस'का अवसरमा तपाई फूल दिनुस्, कुनै भौतिक उपहार दिनुस्। त्यसको साथसाथै आफू र आफ्नो परिवारजनको दीर्घजीवनका लागि लत त्याग्नु सबैभन्दा मूल्यवान उपहार हो' डा. अनिलले भन्नुभयो-"यदि तपाईं आफूलाई भन्दा बढी माया उनीहरूलाई गर्नु हुन्छ भने दीर्घ जीवनको उपहारजस्तो बहुमूल्य उपहार अर्को के होला र ?" अझ त्यस विद्याकी देवीलाई पूजा गरिने दिन पनि परेको छ। कुलत त्याग्नेजस्तो नैतिक शिक्षा अर्को कुनै हुन्छ ? डा. अनिलको प्रश्न छ।

कुलत त्याग्नु जीवनको अमूल्य उपहार हो। चुरोट र सुर्ती सेवन छोड्दा आफ्नो आयु मात्रै लम्बिदैन परिवारको आयु पनि बढ्ने हुँदा 'स्मोकर्स आर नट सेल्फिस्' भन्ने नारालाई जोड दिइएको उहाँको भनाइ छ। कुलत छुटाउन प्रोत्सहान गर्ने उद्देश्यका निम्ति यस अभियानमा 'धूमपान गर्ने स्वार्थी हुँदैनन्' भन्ने टेमप्लेटलाई सकारात्मक र सुखद् परिणामको अपेक्षासहित राखिएको डा. अनिलले स्पष्ट पार्नुभयो।

डा. अनिलकाअनुसार मानिसको मृत्युका कारणमध्ये धूमपान प्रमुख रहेको अध्ययनहरूबाट प्रमाणित भएको छ। तमाखु सेवन गर्ने हरेक दुई जनामध्ये एक जनाको मृत्यु हुने गरेको छ। प्रत्येक एक खिल्ली चुरोटले सेवनकर्ताको ११ देखि १३ मिनेटसम्म आयु घटाउने भन्दै त्यस्ता मानिसको जीवनमा १० महिनाको वर्ष हुन्छ। अर्थात् सेवनकर्ताको हरेक वर्ष औसत दुई महिना आयु घट्दै जाने उहाँको भनाइ छ।

धूमपान गर्नेलाई दुईदेखि चार गुणा हृदयाघात हुने खतरा छ भने फोक्सोको क्यान्सर हुने जोखिम २५ गुणासम्म रहेको उहाँले बताउनुभयो। त्यस्तै एक वयस्क मानिसले अत्यधिक चुरोट सेवन गरेमा १५ वर्षदेखि २५ वर्षसम्म छिटो मृत्युको जोखिम रहेको अध्ययनले देखाएको भनाइ छ।

कुनै व्यक्तिले धूमपान गर्दा उसलाई मात्रै होइन, वरिपरिका मानिसलाई पनि गम्भीर असर गर्दछ। यसबाट विशेषगरी गर्भमा रहेका शिशु, बालबालिका र सास फेर्न समस्या भएका व्यक्तिहरूलाई सबैभन्दा बढी जोखिममा हुन्छ। यसले सेवनकर्ता, वरिपरिका मानिस र सेवनकर्ताले प्रयोग गरेका सामग्रीबाट पनि अरुको स्वास्थ्यमा असर गर्छ।

एक अध्ययनअनुसार धूमपानबाट ८० लाख जनाको मृत्यु हुँदा १३ लाखले अन्य धूमपानकर्ताले मृत्युवरण गर्नुपर्ने अवस्था रहेको डा अनिलले जानकारी दिनुभयो धूमपानको भयावह स्थिति नेपालजस्ता गरीब मुलुकमा उच्च रहेको उल्लेख गर्दै विश्वका १ दशमलव ३ अर्ब जना धूमपान गर्ने मानिसमध्ये ८० प्रतिशत गरीब देशका नागरिक रहेको अध्ययनमा देखिएको उहाँको भनाइ छ।

धूमपान नगर्दा आफू अकाल मृत्युबाट जोगिनुको साथै अभिभावत्वको जिम्मेवारी पूरा गर्न सकिने र परिवारको आर्थिक, सामाजिक सुरक्षा गर्न सकिन्छ। "जीवन मेरो मात्रै होइन, ममाथि धेरै जना आश्रित छन्" भन्ने बुझ्न जरुरी रहेको उहाँ बताउनुहुन्छ। धूमपानको लत छुटाउने अभियान शुरू गर्नु भएका डा. अनिलले त्यस्ता व्यक्तिलाई प्रोत्सहान गर्न उहाँले आफ्नो फेसबुक पेजमा गुगल फर्मसमेत राख्नुभएको छ। जहाँ आफूले धूमपान परित्याग गरेको प्रतिबद्धता व्यक्त गर्न सकिन्छ।

सामाजिक सञ्जालबाट चेतनामूलक अभियान चलाउने क्रममा विश्व कीर्तिमान कायम गर्नुभएका डा अनिलको बिहीबार फेसबुक लाइभमा छ हजार ६७२ जना प्रत्यक्ष जोडिएका थिए भने तत्काल करिब ५० जनाले सुर्तीजन्य पदार्थको सेवन छाड्ने प्रतिबद्धता जनाएका थिए।

# नाटय महोत्सवमा विमर्शः सामाजिक सञ्जाल कति जञ्जाल ?

जनकपुरधाम, १९ माघ (रासस)।

बिहीबारदेखि जनकपुरधाम साहित्यिक कार्यक्रमले गुञ्जयमान भइरहेको छ। साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाटच महोत्सवका विभिन्न विषयमाथि विमर्श, नाटक मञ्चन र सांस्कृतिक प्रस्तुतिका कारण जनकपुरधाम गञ्जयमान भएको हो।

पाँच दिवसीय यो महोत्सवमा सांस्कृतिक झाँकी, मिथिला चित्रकला कार्यशाला तथा प्रदर्शनी, बहुभाषिक नाटक, मिथिला भोजन तथा पुस्तक प्रदर्शनी, विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितालगायत कार्यक्रममा समावेश छन्। महोत्सवको पहिलो दिन उद्घाटन सत्रमा हिन्दू तथा मुस्लिम धर्मावलम्बीका आस्था झल्किने प्रस्तुति तथा तामाङ सेलो र झिझियाजस्ता नृत्यले महेन्द्र नारायण निधि संस्कृति केन्द्रको प्राङ्गणमा सिङ्गो देशकै सास्कृतिकस्वरुप झल्काउने प्रयास भयो। सबैभन्दा रोचक त सधैँ घुम्टोमा देखिने मुस्लिम धर्मावलम्बी किशोरीले यही आगनीमा खुलारुपमा प्रस्तुति दिँदा अतिथि तथा दर्शकदीर्घामा बसेकासमेत हर्षविभोर देखिन्थे।

कार्यक्रममा सहभागी नेपाल पत्रकार महासङ्घ धनुषा शाखाका अध्यक्ष मनिका झाले भन्नुभयो, "सम्भवतः पहिलोपटक यसरी साहित्यिक मञ्चमा मुस्लिम समुदायका दिदीबहिनीको आफ्नै संस्कृति झल्किने प्रस्तुति हेर्न पाउँदा खुसी लाग्यो।" 'नव घर उठ्य, पुरान घर...?' शीर्षकको विमर्श पनि त्यस्तै रोचक थियो। सो सत्रमा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, नेकपा (एमाले)का सचिव योगेश भट्टराई, नेकपा ( एकीकृत समाजवादी) का सचिव रामकुमारी झाँक्री, राष्ट्रिय स्वतन्त्र पार्टी नेत्री सोविता गौतम र पूर्वराजदूत विजयकान्त लाल कर्णका बहसले नेपालको राजनीतिक परिदृश्य, नयाँ दलहरुको उदय, पुराना दलहरुको स्थितिबारे चर्चा गरेको थियो।

यसैगरी अहिलेको चासो र चर्चाको विषय बनेको 'सामाजिक सञ्जाल कि जञ्जाल' माथिको विमर्शले धेरैलाई उत्साहित बनायो। सो सत्रका वक्ता हुनुहुन्थ्यो, नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष एवं राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, महासङ्घका पूर्वअध्यक्ष शिव गाउँले, वरिष्ठ पत्रकार एवं विश्लेषक चन्द्रकिशोर र मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष एवं साहित्यकार रामभरोश कापडी।

अध्यक्ष झाले सामाजिक सञ्जाल वर्तमान विश्वलाई भूमण्डलीकरण अर्थात् एउटा गाउँलाई विश्वग्राममा बदल्ने अवधरणालाई मूर्तरुप दिने माध्यमका रूपमा रहेको चर्चा गर्दै प्रयोगकर्ताको चेतना र बुझाइअनुसार यसको उपयोगिता निर्भर हुने बताउनुभयो। सामाजिक सञ्जालको उत्पत्ति नै व्यक्ति, समाज र फरक विश्वलाई एउटा सञ्जालमा जोड्नका लागि भएको उल्लेख गर्दै उहाँले

*बाँकी अन्तिम पृष्ठमा*


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


## विश्व समाचार

### चीनद्वारा रिपोर्टिङका लागि पत्रकारलाई आमन्त्रण

बेइजिङ, १९ माघ (रासस/सिन्ह्वा)।

चीनको राष्ट्रिय जनकांग्रेस (एनपीसी), राष्ट्रिय विधायिका र चीनको राष्ट्रिय राजनीतिक सल्लाहकार सम्मेलन (सीपीपीसीसी) को राष्ट्रिय समितिले स्थानीय र अन्तर्राष्ट्रिय पत्रकारहरूलाई मार्चमा हुने आफ्नो वार्षिक अधिवेशनको रिपोर्टिङका लागि आमन्त्रण गर्ने भएको छ।

एनपीसीको दोस्रो सत्र ६ मार्चमा शुरू हुनेछ भने सीपीपीसीसी १४ औं राष्ट्रिय समितिको दोस्रो सत्र ४ मार्चमा शुरू हुनेछ।

एनपीसी स्थायी समिति र सीपीपीसीसी राष्ट्रिय समितिका सामान्य कार्यालयहरूद्वारा संयुक्त रूपमा जारी विज्ञप्तिमा भनिएको छ, "यी दुई सत्रको समाचार कभरेज मुख्यतया स्थलगत रिपोर्टिङको माध्यम र अन्य विभिन्न माध्यमबाट गर्न सकिनेछ।"

दुवै सत्रका लागि सञ्चार केन्द्र फेब्रुअरी २७ देखि खुला रहने विज्ञप्तिमा उल्लेख छ।

यी दुई सत्रको कभरेज गर्न चाहने चीनस्थित विदेशी पत्रकारले सञ्चार केन्द्रमा आवेदन दिनुपर्नेछ भने चीनमा नरहेका पत्रकारले आफ्नो देशमा रहेका चिनियाँ दूतावास वा वाणिज्य दूतावास वा चीनको विदेश मन्त्रालयबाट अनुमति प्राप्त भिसा संस्थामार्फत आवेदन दिनुपर्नेछ।

हङकङ र मकाउका पत्रकारहरूले दुई विशेष प्रशासनिक क्षेत्रहरूमा केन्द्रीय सरकारको सम्पर्क कार्यालयहरूमा आवेदन दिनुपर्नेछ। ताइवानका पत्रकारहरूले राज्य परिषदको ताइवान मामिला कार्यालयमा आवेदन दिनुपर्नेछ।

आवेदनको लागि अन्तिम समय फेब्रुअरी १८ सम्म तोकिएको छ दुई सत्रको बारेमा थप जानकारी 'डब्ल्यूडब्ल्यूडब्ल्यू डट एनपीसी डट जीओभी डट सीएन' र 'डब्ल्यूडब्ल्यूडब्ल्यू डट सीपीसीसीसी डट जीओभी डट सीएन' उपलब्ध रहेको बताइएको छ।

### कैदी परेवा आठ महिनापछि रिहा

नयाँदिल्ली, १९ माघ (रासस/एएफपी)।

चिनियाँ जासुस भएको आरोपमा 'पक्राउ गरी' भारतीय प्रहरी हिरासतमा आठ महिना राखिएको एउटा परेवालाई सिफाइपछि रिहा गरिएको छ।

टाइम्स अफ इन्डियाका अनुसार आर्थिक राजधानी मुम्बईको एक बन्दरगाहमा पखेटामा 'चिनियाँ जस्तो लिपिमा लेखिएको सन्देश'सहित उक्त चरा समातिएको थियो।

"सुरुमा प्रहरीले चराविरुद्ध जासुसी गरेको आरोपमा मुद्दा दर्ता गरेको थियो, तर अनुसन्धान पूरा भएपछि उनीहरूले आरोप फिर्ता लिएका थिए," रिपोर्टमा भनिएको छ।

अज्ञात चरालाई शहरको एक अस्पतालमा थुनेर राखिएको थियो भने प्रहरीले अनुसन्धान गरिरहेको थियो। पिपुल फर द एथिकल ट्रिटमेन्ट अफ एनिमल्स (पेटा) को भारतीय कार्यालयले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "यो अनुसन्धानमा आश्चर्यजनक आठ महिना लागेको छ।"

पेटा इन्डियाका अनुसार प्रहरीले बुधबार अस्पताललाई परेवा छोड्न औपचारिक अनुमति दिएको छ।स्थानीय सञ्चारमाध्यमका अनुसार उक्त चरा स्वस्थ अवस्थामा रिहा भएको छ।

जासूसीको आरोपमा भारतीय अधिकारीहरूले हिरासतमा लिएका कयौंमध्ये यो पछिल्लो परेवा हो। सन् २०१६ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई धम्कीपूर्ण सन्देश बोकेको अवस्थामा फेला परेको परेवालाई सीमा सुरक्षा अधिकारीहरूले नियन्त्रणमा लिएका थिए।

सन् २०१० मा अर्को परेवाको खुट्टामा औंठी र पाकिस्तानी फोन नम्बर र ठेगाना रातो मसीले टाँसिएको अवस्थामा फेला परेपछि सशस्त्र पहरामा राखिएको थियो।

त्यस मामिलामा अधिकारीहरूले कसैलाई पनि परेवालाई भेट्न नदिन निर्देशन दिएका थिए, जसलाई प्रहरीले 'जासूसीको विशेष मिशन' मा रहेको हुन सक्ने बताएको थियो।

### इजरायली सेनाद्वारा गाजा अपरेसनमा गिरफ्तार ११४ प्यालेस्टिनीहरूलाई रिहा

गाजा, १९ माघ (रासस/सिन्ह्वा)।

इजरायली सेनाले बिहीबार दक्षिणी गाजा पट्टीको केरेम शालोम क्रसिङबाट एक सय १४जना प्यालेस्टिनीहरूलाई रिह्ा गरेको छ। जसलाई स्थल अपरेशनको क्रममा इजरायली सेनाले पक्राउ गरिएको थियो।

गाजाको सीमा अधिकारीका एक प्यालेस्टिनी सुरक्षा स्रोतले सिन्हुवालाई बताए अनुसार रिहा गरिएका केही प्यालेस्टिनीहरूको स्वास्थ्य अवस्था बिग्रँदै गएको कारण राफाह सहरको नज्जर अस्पतालमा सारिएको छ।

युरो-मेड मानव अधिकार मोनिटरका अनुसार गाजा पट्टीमा आफ्नो स्थल अभियानको क्रममा इजरायली सेनाले सयौं प्यालेस्टिनीहरूलाई पक्राउ गरी अज्ञात स्थानहरूमा हस्तान्तरण गरेको छ।

अस्पतालमा उपस्थित हुँदा सिन्ह्वाले भेटेका केही कैदीहरूको नजरबन्दको क्रममा कुटपिट, अपमान र यातना दिइएको बताएका छन्। यद्दपि यो आरोप प्रमाणित भने हुन सकेको छैन।

# जनक शिक्षामा छापिन्छन् दैनिक एक लाख थान पुस्तक

भक्तपुर, १९ माघ (रासस) । आगामी शैक्षिकसत्रका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले एक करोड १९ लाख थान पाठ्यपुस्तक छपाइ सम्पन्न गरेको छ ।

आउँदो शैक्षिक सत्रका लागि कक्षा ५ देखि १२ सम्मको पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएको केन्द्रले एक करोड ७४ लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्नेमा अब ५५ लाख थान पाठ्यपुस्तक मात्रै छपाइ गर्न बाँकी रहेको केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले राससलाई जानकारी दिनुभयो ।

चालु शैक्षिक सत्रका लागि गत वर्ष चैतमै कक्षा ६ देखि १२ सम्मको पुस्तक छपाइ गरेर शैक्षिक सत्र सुरु हुने बित्तिकै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउन सफल भएपछि यस वर्ष सरकारले केन्द्रलाई कक्षा ५ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिएको थियो ।

केन्द्रका प्रबन्ध निर्देशक झाले भन्नुभयो, “आउँदो शैक्षिक सत्रका लागि एक करोड ७४ लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्नेमा एक करोड १९ लाख थान पाठ्पुस्तक छपाइ सम्पन्न गरिसकेका छौं”, “अब बाँकी ५५ लाख थान पाठ्यपुस्तक पनि फागुन महिनाभित्रमा छपाइ सम्पन्न गर्नेछौं ।” उहाँले पुस्तक छपाइका लागि आवश्यक कागज, मसीलगायत कच्चा पदार्थ पर्याप्त मात्रामा खरिद गरेर राखिसकेको बताउँदै पुस्तक छपाइको काम दुई सिफ्टमा सातै दिन, २४ सै घण्टा चलिरहेको जानकारी दिनुभयो ।

प्रबन्ध निर्देशक झाले भन्नुभयो, “हामीले अहिले २४ सै घण्टा दैनिक एक लाख थान पुस्तक छपाइ गरिरहेका छौं, २४ सै घण्टा पुस्तक पठाइको काम भइरहेको छ । छपाइ सकिएका पुस्तक सातवटै प्रदेशका केन्द्रका प्रादेशिक कार्यालयको गोदाममा पुऱ्याउने काम भइरहेको छ । गत वर्ष जस्तै यस वर्ष पनि हामी चैतदेखि पुस्तक वितरणको काम सुरु गर्छौं र समयमै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउँछौं ।”

उहाँले चैतदेखि पुस्तक वितरण सुरु गरी शैक्षिक सत्र सुरु हुँदा विद्यालय विद्यालयमा पुस्तक पुऱ्याएर विद्यार्थीको हातहातमा पुस्तक पुग्ने गरी तयारी गरेको बताउँदै कुनै हालतमा पनि पुस्तक अभाव नहुने र वितरणमा पनि ढिलाइ नहुने बताउनुभयो । शिक्षा मन्त्रालयले यस वर्षको पुस्तक छपाइका लागि कक्षा १ देखि ४ सम्म निजी क्षेत्रका छापाखानालाई छपाइ तथा वितरणको जिम्मेवारी दिएको छ ।

केन्द्रका प्रबन्ध निर्देशक झाले भने कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिन सरकारसँग माग गरेको भए पनि कक्षा ५ देखिको जिम्मेवारी पाएको भन्दै अबदेखि सरकारले कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिए केन्द्रले फागुनभित्रै पुस्तक पछाइ सम्पन्न गरेर चैतमा वितरण सम्पन्न गर्नसक्ने बताउनुभयो ।

सरकारले गत वर्ष निजी क्षेत्रका छापाखानालाई कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइको जिम्मा दिए पनि यस वर्ष त्यसलाई खुम्च्याउँदै कक्षा ५ को पुस्तक छपाइको जिम्मेवारी निजीलाई नदिई केन्द्रलाई थप गरेको हो ।

पाठ्यक्रम विकास केन्द्रले कात्तिकमै शिक्षा मन्त्रालयमा पत्राचार गर्दै पुस्तक छपाइबारे छिटो निर्णय गर्न पत्राचार गरेको थियो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको गत मङ्सिर १२ मा केन्द्रमै बसेको बैठकमा प्रबन्धक निर्देशक झाले सरकारले यसबारेमा चाँडै निर्णय गरी १ देखि १२ सम्मको आवश्यक पर्ने पुस्तक छपाइको जिम्मेवारी केन्द्रलाई दिन माग गर्नुभएको थियो ।

केन्द्रले जिम्मेवारी पाउने आशामा कक्षा ३ का केही किताब छपाइसमेत गरिसकेका थियो । केही वर्ष अगाडिसम्म जनक शिक्षाले पुस्तक छपाइ र वितरणमा ढिलाई गरेर पाठ्यपुस्तकको अभाव भएको भन्दै विवादमा आइरहे पनि विगत तीन वर्षयता भने केन्द्रले पुस्तक छपाइ र वितरण समयमै सम्पन्न गरेको भन्दै प्रशंसा बटुलेको छ ।

## अनलाइनमार्फत सट्टेबाजी गराउने तीन भारतीय दरबारमार्गबाट पक्राउ

काठमाडौं, १९ माघ (रासस) । प्रहरीले काठमाडौंको दरबारमार्गस्थित क्यासिनो प्यालेसबाट रु एक करोड बढी रकम बराबरको विदेशी मुद्रासहित तीन जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतीय नागरिक गुलाब सिंह, रिसब पावा तथा गौरब चोपडा रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “क्यासिनो प्यालेसको अण्डर ग्राउण्डमा अनलाइनमार्फत सट्टेबाजी गराएको आरोपमा उनीहरूलाई पक्राउ गरिएको हो । उनीहरुको साथबाट रु एक करोड एक लाख २६ हजार बराबरको विदेशी मुद्रा बरामद गरिएको छ ।” उनीहरुका बारेमा थप अनुसन्धान भइरहेको पनि उहाँले जानकारी दिनुभयो ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


### *नाट्य महोत्सवमा ...*

त्यसलाई असामाजिक बनाउने प्रवृत्तिलाई भने निरुत्साहित गर्नु जरुरी रहेको धारणा व्यक्त गर्नुभयो ।

अध्यक्ष झाले भन्नुभयो, “सामाजिक सञ्जाल एउटा देश र एउटा भूगोलका मान्छेका लागि मात्रै नभई, फरक विश्व र परिवेशका मान्छेलाई समेत एकअर्कामा जोडेर विश्वग्रामलाई मूर्तरुप दिने यो एक सशक्त माध्यम हो । त्यसैले यसको बहस पनि एउटा सहर, एउटा देश वा परिवेशमा रहेर गर्दा अपूर्ण हुन्छ ।”

सामाजिक सञ्जाल जञ्जाल भयो भन्ने बहस किन भइरहेको छ त भन्ने सञ्चालक स्नेहा झाको प्रश्नमा उहाँले बताउनुभयो, “यसलाई प्रयोग गर्न जान्नेलाई निकै लाभदायी हुन्छ भने प्रयोग गर्न नजान्नेलाई जञ्जाल हुनसक्छ ।” अनलाइन खबर डटकमका प्रधानसम्पादक शिव गाउँलेले परम्परागत छलफलका माध्यम, चोक, चौतारा, चियापसल, कचहरी र भेला अहिले सामाजिक सञ्जालमा परिणत भएको र त्यसले नागरिकलाई आफ्ना कुरा निर्धक्क भन्न पाउने आधार दिएको धारणा व्यक्त गर्नुभयो ।

विश्लेषक चन्द्रकिशोरले लोप हुन लागेको ज्ञान र विमर्शको परम्परालाई सञ्जालले थोरै भए पनि जागृत गर्ने काम गरिरहेको बताउनुभयो । साहित्यकार रामभरोस कापडीले सामाजिक सञ्जालमा राम्रा वा नराम्रा विचार, जानकारी, विषयवस्तु पनि उपलब्ध हुने भएकाले प्रयोगकर्ताले आफूलाई उपयोगी हुने सामग्री मात्रै ग्रहण गर्नुपर्नेमा जोड दिनुभयो ।

राति अबेरसम्म प्रस्तुत कार्यक्रममा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललगायत उपेन्द्र यादव, योगेश भट्टराई, रामकुमारी झाँक्री, सोविता गौतमलगायतले आयोजक मैथिली विकास कोष, प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाको प्रशंसा गर्नुभएको थियो ।

### *सवारी दुर्घटनामा ...*

अनुमतिपत्र प्राप्त नहुनु, ओभरटेक, ओभरलोड, ब्रेक फेल, मोबाइल फोनको प्रयोग, यान्त्रिक गडबडी, झुण्डिएर यात्रा गर्नु, जीर्ण तथा कच्ची सडक, उकालो ओरालो, हुस्सुकुहिरो, बाढीपहिरो र चौपायलगायत कारणले दुर्घटना हुने गरेको प्रवक्ता ढकालको भनाइ थियो ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले दुर्घटना बढी हुने स्थानमा निरन्तर चेकजाँच गर्ने, सचेतनामूलक चिह्न राख्नेलगायत काम गरिरहेको बताउनुभयो । उपत्यकाका साँघुरा सडकमा तीव्र गतिमा सवारी साधन चलाउँदा बढी दुर्घटना हुने गरेको उहाँको भनाइ थियो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*